

# संस्थाका अध्यक्ष तुलसी प्रसाद पोखेलद्वारा प्रस्तुत आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन

कल्पवृक्ष बचत तथा ऋण सहकारी संस्था लि. पोखराको १४ औ वार्षिक साधारण सभाका प्रमुख अतिथि ज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने विशिष्ट अतिथी ज्यू, अतिथी ज्यूहरु संस्थापक अध्यक्ष ज्यू, उपाध्यक्ष, सचीव, कोषाध्यक्ष, लेखा समितिका संयोजक, संस्थाका प्रवन्धक ज्यू, पूर्व अध्यक्षज्यू, सल्लाहकारज्यूहरु, कानुनि सल्लाहकारज्यू, शिक्षा उप समितिका संयोजक, ऋण उपसमितिका संयोजक, सहकारी अनुसन्धान मूल्याङ्कन निरिक्षण तथा परामर्श उपसमितिका संयोजक लगायत समिति र उपसमितिका सदस्यहरु र यस संस्थाका आदरणीय शेयर सदस्य ज्यूहरु, कर्मचारी, सञ्चारकर्मीसाथीहरु साथै उपस्थित सम्पूर्ण महानुभावहरुमा संस्थाको अध्यक्षको तर्फबाट हार्दिक स्वागत एवं सम्मान प्रकट गर्दछु।

कल्पवृक्ष बचत तथा ऋण सहकारीको ओजपूर्ण विगत र स्वर्णीम भविष्यका बीचमा चुनौतीपूर्ण वर्तमानको एउटा निर्दिष्ट जिम्मेवारी सहित यहाँहरूका बीचमा आफूलाई एउटा कर्मठ प्रतिनिधिको रूपमा उभ्याउन पाउँदा गर्वानुभुती भएको छ। समुदायमा वित्तीय स्वाधिनता स्थापित गर्ने अभिलाषा सहित स्थापित कल्पवृक्ष बचत तथा ऋण सहकारीले आफ्ना गौरवपूर्ण १३ वर्ष पार गरी १४औं वर्षको यात्रा गरिरहँदा हामी आज संस्थाको १४औं वार्षिक साधारणसभामा उपस्थित भएका छौं। यस गौरवपूर्ण सभामा सञ्चालक समिति एवं अध्यक्षको तर्फबाट संस्थाको प्रगति तथा भावियोजना समेटिएको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफूलाई फराकिलो अनि गह्रौं जिम्मेवारीले सज्जित गरेको महशुस भएको छ भने संस्थालाई प्रगतिको यो चरणसम्म ल्याउन योगदान गर्नुहुने संस्थाका समस्त सहकर्मी साथीहरु एवं सदस्यहरूको योगदानप्रति नतमस्तक हुँदै हार्दिक सम्मान तथा आभार प्रकट गर्न चाहन्छु। संस्था स्थापना गर्न अगुवाई गर्नुहुने एवं परिकल्पनालाई आत्मसाथ गर्दै यसको विकास र अग्रगमनमा मार्गदर्शन गर्नुहुने सकल जनमा समेत यस गरिमामय सभा मार्फत हार्दिक सम्मान सहित आगामी दिनमा समेत निरन्तर साथ, सहयोग, एवम् सकारात्मक पृष्ठपोषणको अपेक्षा गरेको छु।

सन् २०१९ देखि विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ महामारीको प्रभाव आज पनि विभिन्न स्वरूपमा चलिरहेकोछ भने हाल विश्वव्यापीरूपमा देखिएको आर्थिक मन्दीले अझै केही समय समग्र अर्थतन्त्र प्रभावित हुने सम्भावनाहरू हाम्रा सामु छन्। पछिल्ला केही समयदेखि विभिन्न सहकारी संस्थाहरूमा तरलता अभावको कारण सदस्यको बचत माग भएबमोजिम समयमा फिर्ता गर्न कठिनाई भएको अवस्थाले समेत समग्र साकोस अभियान थप प्रभावित मात्र भएको छैन, जटिलता तर्फ उन्मुख हो कि भन्ने सन्त्रास जनमानसमा परेको छ। तर आज यस्ता समस्याको समधान हामीले सहज र विश्वासिलोरुपमा गरिरहेकाछौ। जसले गर्दा संस्थामा आजका मिति सम्म पनि करिव ४४% तरलता रहेको सेयर सदस्यहरुमा ऋण लगानी नरोकिएको सेयर सदस्यबाट बचतमा कुनै कमी नआएको संस्था दरिलो र विश्वासिलो रहेको पुष्टी हामीले गरेका छौ। यति मात्र होइन यस वर्ष सहकारी विभागबाट भएको अनुगमले दिएको सुझाव र संस्था संचालनको प्रक्रियामा विभाग सन्तुष्ट रहेको प्रतिक्रियाले पनि हामीलाई थप उर्जा थपेको छ भने संस्थालाई अझ विश्वाशिलो र

भरपर्दो बनाउन मार्गनिर्देशन गरेको छ।

यस सहकारी संस्था सेयर सदस्यहरुको साझा स्वामित्वको व्यवसाय हो, त्यसैले पनि सदस्यहरूलाई यसको स्वामित्वबोध र प्रभावकारी अभ्यासहरूबाट यस्ता चुनौतीहरूको सामाना गर्दै सहज रुपमा अगाडी बढन सकिन्छ भन्ने हाम्रो बुझाई छ। त्यसैले गर्दा आजहामी पोखरा महानगरपालिका कार्यक्षेत्र भएको यस संस्थामा आजका मिति सम्म पनि बचत र ऋणमा आज हामीले कुनै कमी हुनदिएनौ र एक सफल र विश्वसनीय सहकारीकोरुपमा  रहेको छ। संस्था स्थापना देखिका विभिन्न आरोह अवरोह पार गर्दै संस्थाले भोलिका दिनमा हामीले उत्पादनशील क्षेत्रमा लाग्दै सामूहिक उन्नतीका लागि कार्य गर्नु पर्ने छ। लाखौंको रोजगारी सिर्जना गरिरहेको र देशको उद्यमशीलतामा अतुलनीय योगदान गरिरहेको सहकारी क्षेत्रको समग्र विकासमा थप सहज नीति नियमको आवश्यकता भए पनि सहकारीका नाममा हुने अस्वस्थ्य प्रतिस्पर्धा र यसलाई हेर्ने दृष्टि भ्रमका कारण आगामी दिनहरु सहकारी क्षेत्रकै लागि चुनौतिपुर्ण छन् तथापी भोलिका दिनमा पनि हामीले थप जिम्वेवारी बोधकासाथ संस्थाको हितमा कार्य गरि समुदायमा आधारित संस्थाको पहिचान निरन्तर बनाई राख्नु आवश्यक छ। नैतिकवान सदस्य, जिम्वेवार संचालक र मिहेनती कर्मचारी संस्था विकासका लागि आधारस्तम्भ हुन्। यसैका आधारमा संस्थाको दिगो उन्नतीका लागि जग बसाल्ने काम भएको छ।

संस्थाको वास्तविक वित्तिय झलक २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन र लेखा समितिको प्रतिवेदन स्पष्ट बुझ्न सकिने छ।  हाल सम्मको शेयर पुँजी ३ करोड १६ लाख ५८ हजार ९ सय रुपैंया रहेको छ भने निक्षेप १४ करोड ३६ लाख ४४ हजार १ सय ४३ रुपौया र १७ पैंसा रहनुका साथै लगानी तर्फ १३ करोड ९१ लाख ०५ हजार ६ सय ८८ रुपैया र ५४ पैसा रहेको छ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

बिगतका वर्षहरुमा सहकारी अवलोकन भ्रमण गर्ने नीति अनुरुप संचालक र विभिन्न उपसमितिहरुको भ्रमण गराई संस्थाका सदस्यहरुले सहकारी एवं उद्यमी शिक्षा हासिल गराइने छ। यस वर्ष सदस्य र कर्मचारहीरुलाई आवश्यकता अनुसार तालिम र गोष्ठी आयोजना गरिएको छ। प्रभावकारी कर्जा लगानी भएको विभिन्न उपसमितिहरु सक्रियरुपमा सहभागी भएका, समितिका नियमित बैठक भएका लघु उद्यमलाई प्रभावकारी बनाउन नसकिएको भए तापनि यो वर्ष योजनालाई परिमार्जन गरेर लागु गर्ने यसको बाबजुत पनि संस्थाका विभिन्न कोषहरुमा राम्रो रकम जम्मा हुन गई संस्थाको स्थायित्वको लागि महत्वपूर्ण कार्य भएको छ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

समाजको पहिलो रोजाइ कल्पवृक्ष भन्ने मूल नाराका साथ यस संस्थाले एकीकरण, आर्थिक पारदर्शिता, आधुनिक प्रविधिको अधिकतम प्रयोग, सदस्य केन्द्रित कार्यक्रम, सामाजिक सेवा, वित्तीय अनुशासन, कर्मचारहीरुको प्रविधियुक्त व्यवस्थापनबाट समाजमा प्रभावकारी नेतृत्वको रुपमा संस्था पुजीको हिसाबले सानो भएपनि संस्था बलियो बनेको छ। कार्यक्रमहरु नीति र विधिलाई केन्द्रमा राखेर अगाडी बढेको छ।

सदस्य केन्द्रित लगानी मोडल बनाई अगाडी बढेको छ। कोभिडको प्रकोपबाट केही चलायमान भएको आर्थिक अवस्थामा फेरी आर्थिक मन्दीको कारणले सम्पूर्ण क्षेत्रमा परेको असरले हामी पनि अछुतो नरहने कुरै भएन, लक्ष्य अनुरुप कारोबार नभए तापनि हालको ब्यालेन्स सिट हेर्दा वार्षिक वृद्धिदरमा कमी आएपनि संस्था आर्थिक हिसावले बलियो र विश्वासिलो रहेको छ। कर्जा असुली प्रकृयालाई व्यवस्थित तरिकाले सम्पन्न गर्ने आधारहरु निर्माण गरी व्यवस्थापनमा सहजता ल्याएको छ। राज्यद्धारा लागु गरिएका नियम कानुनको पुर्ण पालना गरि संस्था संचालन गर्नु पर्ने हुँदा निम्न संशोधन प्रस्तावहरु यस सम्मानीत सभामा प्रस्तुत गर्न अनुमति चाहन्छ।

१. संस्थाको विनियम पुनरलेखन एवं अध्यावधिक गर्ने प्रस्ताव प्रस्तुत गर्दछु।
२. आर्थिक प्रशासन निति २०७५ लाई संशोधन
३. वित्तीय कारोबार - सञ्चालन निर्देशिका २०७५ संशोधन
४. बचत तथा ऋण नीति २०७५ संशोधन
५.कर्मचारी विनियमवली–२०७५ संशोधन
६. संस्थाका विभिन्न उप–समितिहरुको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**आगामी वर्षका निति, कार्यक्रम एवं प्रस्तावहरू पेश गर्ने अनुमति चाहन्छु :**

- संस्थाका शेयरधनि सदस्यहरूलाई संस्थाको यस वर्षको वास्तविक आम्दानीबाट शेयरको अनुपातको बोनस रु. १२,९८,३४८।९६ (अक्षेरुपी बाह्र लाख अन्ठानब्बे हजार तीन सय अड्चालिस रुपैयाँ छयानब्बे पैसा) मात्र बाड्ने प्रस्ताव पेश गर्न चाहन्छु।
- धितो जमानीमा दिइने कर्जा आन्तरिक र बाह्य मूल्याङ्कन गराइने साथै सवारी साधनको हकमा नयाँको लागि सोरुमको कोटेसनको आधारमा र पुरानोको हकमा पूर्ण रुपमा बाह्य मूल्याङ्कन कर्ताबाट मूल्याङ्कन गराइ लगानी गर्ने प्रस्ताव गर्न चाहन्छु।
- बाह्य मूल्याङ्कनकर्ताको नियुक्ति गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव गर्न चाहन्छु।
- गत आ.व.मा पनि यस संस्थाले **Vault** तथा **Cash** को **Insurance** गराई संभावित दुर्घटनालाई न्यूनीकरण गर्दै आइरहेको कुरा स्मरण गराउन चाहन्छु।
- संस्थाले समय सापेक्ष नयाँ-नयाँ बचत सङ्कलनका नीति तथा कर्जा लगानीका अवसरहरूको पहिचान गरी कार्यक्रमहरू ल्याउने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव गर्न चाहन्छु।
- यस सहकारीको कार्यक्षेत्र हाल पोखरा महानगरपालिकामा मात्र सिमित भएको हुँदा कास्की जिल्लाभरी बनाउने प्रस्ताव पेश गर्न चाहन्छु। जसको कार्यविधि बनाइ कास्की जिल्ला स्तरीय बनाउन जे जस्ता नीति नियमको आवश्यकता पर्दछ सो बनाउने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव पेश गर्न चाहन्छु।
- निरन्तरता प्रदान गरिएका कार्यक्रमहरु यथावत रुपमा संचालन गर्ने तर आर्थिक मन्दिको असरलाई मध्यनजर गरेर कार्यक्रमहरु फेरबदल हुन सक्नेछन्।

- संस्थालाई प्रभावकारी बनाउनको लागि वेवसाइटको अध्यावधिक गर्ने, क्यालेन्डर लगायतका प्रकाशनलाई निरन्तरता दिने, सूचना अधिकारी मार्फत संस्थाका गतिविधि र जानकारीमूलक सूचना दिने व्यवस्था मिलाउने र सामाजिक सञ्जालको अधिकतम प्रयोग गर्ने ।
- क्षमता विकाश सम्बन्धी कार्यक्रम अन्तर्गत संस्थाको संचालक समिति, विभिन्न उप-समिति तथा कार्यरत कर्मचारहीरुलाई विभिन्न तालिमका साथै अध्ययन अवलोकन भ्रमण गराउने छ ।
- कर्मचारहीरुलाई कार्यक्षमता र सम्पादनको आधारमा सेवा सुविधा बृद्धि गरिने छ र श्रमिक ऐन २०७४ अनुसार व्यवस्था गरिने छ र सामाजिक सुरक्षामा सहभागी गरिइने छ ।
- आवश्यकता अनुसार छाता संगठनबाट कर्जा लिइने छ ।
- उत्पादन क्षेत्र पहिचान गरि एक सहकारी एक उत्पादन नीतिलाई कार्यान्वयनमा ल्याईने छ ।
- समय सापेक्ष सदस्यहरुको अभिलेख अध्यावधिक गरिने छ ।
- कर्जा लगानी गर्दा लगानीकर्ताको कर्जा बिमा गराउने ।
- कार्यालयको आवश्यकता अनुरुप डेकोरेशन एवं फर्निचर थप गर्ने ।
- पोखरा महानगर सहकारी महाशाखा विभाग, जिल्ला सहकारी संघ, नियमक निकायहरुले सञ्चालन गरेका कार्यक्रमहरुमा सहभागीता जनाउने ।
- समय सापेक्ष र अनुकुल मिलेमा संस्थाको लागि जग्गा खरिद गरिने छ ।

**आदरणीय सेयर सदस्यज्यूहरु**

प्रस्तुत प्रतिवेदनमा गत आ.व. को समीक्षा सहित संस्थाले चालु आ.व.मा संस्थाले सञ्चालन गर्ने सशक्तिकरण र दिगोपनाको प्राथमिकता सहित नीति तथा कार्यक्रम, योजना र बजेट प्रस्ताव गरेको छ । व्यवस्थापन, आवश्यकतामा आधारित एवम् प्रभावकारी योजना निर्माणको लागि सदस्यहरूको सुझाव संकलन गरी प्राप्त पृष्ठपोषणहरूको आन्तरिकीकरण गर्ने तर्फ विशेष प्राथमिकता प्रदान गरेको छ । सदस्यहरुको आवश्यकता र पृष्ठपोषणमा आधारित योजनाको कार्यान्वयनमा सदस्यहरूको सक्रीय सहभागिता रहने विश्वास लिएका छौं । गत आ.व.मा योजना कार्यान्वयनमा देखिएका महामारी र तरलता संकट जस्ता चुनौतीहरू चालु आ.व. मा तुलनात्मक रूपमा न्यून हुने अनुमानका आधारमा चालु वर्षको योजना निर्माण गरिएको छ, यसको लागि त्यस्ता चुनौतीहरूको पूर्वानुमान गर्ने, पहिचान गर्ने र व्यवस्थापन गर्नुका साथै नीतिगत सहजीकरण समेत प्राथमिकतामा रहेका छन् । हाम्रा निर्धारित जिम्मेवारहीरू फरक-फरक होलान्, तर सबैले आ-आफ्नो स्थानबाट संस्थाको समृद्धिमा एउटा ईंट्टा थप्ने प्रण र प्रयास गर्न आवश्यक छ । म संस्थाका सेयर सदस्य र शुभचिन्तकज्यूहरुमा प्रत्येक सकारात्मक सुझाव सहितको आलोचनाको अपेक्षा गर्दछु, ता की मैले आफूलाई सुधार गर्नुका साथै मेरो जिम्मेवारीका आधारमा सहकारीको समग्रतामा सुधार ल्याउन पहल गर्न सकु ।

अन्त्यमा,

हामीले लिएको परिकल्पना (Vision)

दीगो, भरपर्दो, सक्षम र उत्कृष्ट वित्तीय सहकारी

ध्येय (Mission)

आधुनिक प्रविधिको प्रयोग गरी सर्वसुलभ तरिकाबाट गुणस्तरीय वित्तीय तथा गैर वित्तीय सेवा मार्फत सदस्यहरुको आर्थिक सामाजिक सांस्कृतिक विकास गर्ने रहेको छ । यसमा सबै सहकारी सदस्यहरुको साथ र सहयोग रहने छ भन्ने आशा लिएका छौं । यस गरिमामय सभाका प्रमुख अतिथी, विशेष अतिथी अतिथी लगाएत आफ्नो सक्रिय सहभागिता जनाएर आफुलाई योग्य र असल सहकारी सदस्यको भुमिका निर्वाह गर्ने सबै सदस्यहरुलाई धन्यवाद दिदै आउदै गरको नेपालीहरुको महान चाड विजय दशमी, शुभ दिपावली, नेपाल सम्वत, छठ आदि पर्वहरुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै यस कल्पवृक्ष बचत तथा ऋण सहकारीलाई जिवन्त बचाईराख्न यहाँहरूको साथ, सहयोग र सहकार्यको अपेक्षा सहित यस प्रतिवेदनमा रहेका कमी कमजोरहीरू औल्याई मार्गदर्शन प्रदान गर्नुहुने नै छ भन्ने विश्वास लिएकोछु । प्राप्त सुझावहरुलाई यस प्रतिवेदनको अभिन्न अंगकोरूपमा स्वीकार गरी यथासम्भव योजनामा रूपान्तरण गर्ने प्रतिबद्धता सहित प्रस्तुत प्रतिवेदन पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

धन्यवाद

जय कल्पवृक्ष, जय सहकारी

...........................

तुलसी प्रसाद पोखेल

अध्यक्ष



# १४ औं वार्षिक साधरण सभामा प्रस्तुत सचिव सूर्यप्रसाद पोखेलको प्रतिवेदन

"श्री कल्पबृक्ष वचत तथा ऋण सहकारी संस्था लि. का १४ औं वार्षिक साधारण सभाका सभाअध्यक्ष ज्यू , कार्यक्रमका प्रमुख अतिथी ज्यू , मञ्चमा आसिन विशेष अतिथीज्यू , अतिथी ज्यूहरु, सञ्चालक समितिका पदाधिकारी ज्यूहरु, संस्थाका सल्लाहकार ज्यूहरु , लेखा सुपरिवेक्षण समितिका संयोजक एंव सदस्य ज्यूहरु , विभिन्न उप-समितिका संयोजक एंव सदस्य ज्यूहरु, संस्थाका प्रबन्धक एवम कर्मचारहीरु, पत्रकार मित्रहरु, सुरक्षा निकाय र उपस्थित सम्पूर्ण संस्थाका मेरुदण्डको रुपमा रहनुभएका शेयर सदस्य ज्यूहरुमा सञ्चालक समिति एंव मेरो व्यक्तिगत तर्फवाट हार्दिक अभिवादन व्यक्त गर्दछु।

"सहकारीको दिगोपन : स्वनियमन र शुसासन" भन्ने मुल नारालाई आत्मसाथ गर्दै नेपालमा सहकारीताले ६६ औ बर्ष पार गरी रहँदा, आज हामी यस कल्पवृक्ष वचत तथा ऋण सहकारी संस्था लि को १४ औं वार्षिक साधरण सभाको संघारमा छौ। सामुहिक स्वामित्व, व्यक्तिगत समस्या समाधानका लागि सामुहिक प्रयास गर्दै समाजमा छरिएर रहेको स-सानो पुँजीलाई सहकारीको माध्यमद्वरा एकीकृत गरी सदस्य तथा समाजको हितको लागि प्रयोग गरी सदस्यहरुलाई स्ववलम्वी वनाउनु नै सहकारी को मुल मर्म हो। सहकारी आर्थिक समृद्धीको आधार पनि हो । त्यस कारण सरकारको तिन खम्बे अर्थनिति मध्ये एउटा खम्बा सहकारीलाइ मानेको छ।

२०७२ सालको विनासकारी भूकम्प , छिमेकी देशको नाकाबन्दी, चार बर्ष पहिलाको कोभिड-१९ को महामारी तथा हालै भएको रसिया र युक्रेन युद्धका कारण विश्वको अर्थतन्त्र खस्कर्दै गएको हुदाँ नेपाल जस्तो विकास उन्मुख देशमा पनि वित्तिय क्षेत्रमा नकरात्मक असर परेको छ। सहकारी ऐन कानुन अनुसार अगाडी बढदै गर्दा राष्ट्र बैंकको बैकिङ निती फेरबदल बैकिङ् प्रतिस्प्रर्धा तथा तरलताको संकुचनले निक्षेप तथा कर्जाको व्याँजदरमा भएको उतार-चढाबले बचत तथा कर्जा कारोबार गर्ने हाम्रो जस्ता सहकारहीरुलाई निकै अप्ठयारो परेको छ। लगानीका क्षेत्र खुम्चाउदै लगिएको र उत्पादन मुलक क्षेत्रको विकास नभईसकेको परिप्रेक्ष्यमा वित्तिय कारोवारहरु संचालन गर्न असहज परिस्थिति भएता पनि संस्थागत निति नियम भित्र रही हाम्रो संस्थाका संचालक समिति लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरु सेयर सदस्यहरु संस्थाका प्रवन्धक एवं कर्मचारहीरुको अथक प्रयासले गर्दा गत आर्थिक वर्षमा अनुमानित गरिए अनुसार कै आम्दानी गर्न नसके पनि आर्थिक मन्दीका कारण वित्तिय क्षेत्रमा उतार चढाब आएको तथा केही सहकारी संस्थाहरु समस्या ग्रस्त भइ बन्द एवं खारेज भएको अबस्थामा संस्थाको हालसम्मको छवि तथा साखलाइ बचाई चुस्त दुरुस्त राख्न सफल भएका छौ जुन तथ्य लेखापरिक्षण प्रतिवेदनबाट स्पस्ट हुन्छ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

यस श्री कल्पबृक्ष वचत तथा ऋण सहकारी संस्था लि .को यस गौरवमय १४ औं वार्षिक साधरण सभामा

सचिवको तर्फवाट संस्थाले वर्षभरी गरेका कार्यहरुको संक्षिप्त रुपमा यहाँहरु समक्ष पेश गर्ने अनुमति चाहन्छु। सहकारीको २०७९ आश्विन १० गते सम्पन्न १३ औं वार्षिक साधारण सभादेखि आजको मिति सम्म अर्थात यो प्रतिवेदन तयार पार्ने समय सम्म सञ्चालक समिति लगायत विभिन्न समिति/उप-समिति हरुका तपशिलमा उल्लेख भए बमोजिमका बैठकहरु सम्पन्न भएका छन् ।

| क.स. | विवरण | सख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | २३ |
| २ | लेखा सुपरिवेक्षण समिति | ४ |
| ३ | ऋण उप-समिति | १४ |
| ४ | शिक्षा उप-समिति | २ |
| ५ | सहकारी अनुसन्धान,मूल्याङ्कन, निरीक्षण तथा परामर्श उप-समिति | १ |
| ६ | संयुक्त बैठक (सल्लाहाकार, लेखा समिति सहित विभिन्न उप-समितिहरु) | १ |
| ७ | सञ्चालक समिति र कर्मचारी | १ |

**शेयर पुँजी**

आ.व. ०७८/०७९ को आषाढ मसान्त सम्म कुल शेयर पुँजी रु. ३ करोड १४ लाख १० हजार ३ सय भएकोमा हाल आएर आ.व. ०७९/०८० को आषाढ मसान्त सम्म रु २ लाख ४८ हजार ६ सय वृद्धी भई कुल शेयर पुँजी रु. ३ करोड १६ लाख ५८ हजार ९ सय रहेको छ।

**निक्षेप संकलन** : यस आ.ब. रु ७३ करोड ४२ लाख ७ हजार ७ सया ७५ रुपयाँ र ८६ पैसा मात्र।

**निक्षेप फिर्ता** : यस आ.ब. रु ७४ करोड ८४ लाख २० हजार १ सया ४५ रुपयाँ र १७ पैसा मात्र।

**कर्जा लगानी** : यस आ.ब. ६ करोड २२ लाख४४ हजार ५ सय ५६ रुपैयाँ र ६७ पैसा मात्र।

**कर्जा अशुली** : यस आ.ब. ८ करोड २४ लाख ८१ हजार ३ सय ९४ रुपैयाँ र ६२ पैसा मात्र।

**यस बर्ष जम्मा लगानी सख्या** : ७० जना

**आयकर,जगेडाकोष तथा अन्य कोषको व्यवस्था**

आ.व. २०७९/२०८० को आयकर व्यवस्था रु ४ लाख ४३ हजार २ सय ८६ रुपैया रहेको छ भने जगेडा कोषमा रु रु. ८९ लाख ५८ हजार ९ सय १७ रुपैया ३४ पैसा र अन्य कोषहरुमा रु ५० लाख ४६ हजार ८ सय ७३ रुपैयाँ र ४० पैसा रहेको वासलातले चित्रण गर्दछ।

**शेयर लगानी**

- राष्ट्रिय सहकारी वैंक रु १०,०००।
- कास्की वचत तथा ऋण सहकारी संघ रु ५,०००।
- जिल्ला सहकारी संघ रु ५,०००।

- प्रभु सेलेक्ट फण्ड रु १०,००,०००।
- नेपाल बचत तथा सहकारी संस्था संघ लि. रु १,००,०००।

**संस्थामा कार्यरत कर्मचारहीरुको विवरण**

व्यवस्थापक : एक

कर्जा शाखा : एक

नगद विभाग : एक

बजार प्रतिनिधी :दुइ

कार्यालय सहयोगी : एक

जम्मा कर्मचारी सख्या : छ

| बचत तथा निक्षेप खाता | कर्जा तथा लगानी |
|---|---|
| साधारण बचत | व्यवसायीक कर्जा |
| आवधिक बचत | आवास कर्जा |
| मासिक बचत | शेयर धितो कर्जा |
| मुद्धति बचत | कृषि तथा पशुपालन कर्जा |
| | शैक्षिक कर्जा |

**संस्थाले आर्थिक बर्ष २०७९/०८० मा गरेका कामहरु**

- शेयर सदस्यहरुको आवश्यकता अनुसार अल्पकालिन तथा दिर्घकालिन कर्जा नियमानुसार उपलव्ध गराईएको ।
- संस्थाको सुरक्षाको लागि भल्ट, काउण्टर एवं कार्यरत कर्मचारहीरुको दुर्घटना विमालाई निरन्तरता दिईएको ।
- सदस्यहरुलाई गुणस्तरीय सेवाप्रदान गर्नु, सेवालाई चुस्त ,दुरुस्त राख्न एस.एम.एस सेवालाई निरन्तरता गरिएको।
- जिल्ला सहकारी संध , कास्की बचत सधं , राष्ट्रिय सहकारी बैकं , नेफ्स्कुन र पोखरा महानगर सहकारी महाशाखाले आयोजना गरेका तालिम तथा अन्य कार्यक्रमहरुमा सहभागीता जनाइएको ।
- सहाकारी शेयर सदस्य र परिवारका सदस्यहरु विच एक अर्कामा भाइचरा सम्वन्ध स्थापित गर्न पारिवारिक बनभोजका साथै सदस्यहरुलाई सहकारी तालिम प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको । जसको प्रमुख अतिथि कास्की जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष भेषराज बराल एंव प्रशिक्षक नेफ्स्कुन पोखरा शाखाको प्रमुख यामकला पौडेल रहनु भएको थियो ।

- सहकारीका शेयर सदस्य एवं उहाँहरुको परिवारमा सुख : दुःख मा भेटघाटलाई निरन्तरता दिईएको ।

**१४ औं वार्षिक साधारण सभाले छलफल गरी पारित गर्नुपर्ने विषयहरु**

- अध्यक्ष ज्यूको प्रतिवेदन छलफल गरि पारित गर्ने ।
- सञ्चालक समितीको तर्फवाट प्रस्तुत सचिव तथा कोषाध्यक्ष को प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।
- लेखा सुपरिवेक्षण समितीको प्रतिवेदन माथी छलफल गरी पारीत गर्ने ।
- आ. व. ०७९/०८० को लेखापरिक्षण प्रतिवेदन पेश तथा पारित गर्ने ।
- आ. व. ०८०/०८१ को लेखापरिक्षणका लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
- साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने शेयर सदस्य चयन गर्ने ।
- आ.व. ०७९/०८० मा सञ्चालक समिति को तर्फ वाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने ।
- कुनै संस्था संग गाभिने तथा प्राप्तिको लागि उपयुक्त संस्था आएमा संस्था एकीकरणका लागि कार्यसमितिलाई अख्तियारी दिने ।
- सस्थाको विनियम पुर्नलेखन  तथा विभिन्न नियमावली को संशोधन सम्वनधमा ।
- विविध ।

अन्त्यमा

यस परिस्थितीमा सस्थाको हितका लागि कटिवद्ध भई धैर्यताका साथ कत्ति पनि विचलित नभई हामीलाई साथ दिई  संस्थालाई यहाँ सम्म ल्याईपुऱ्याउन उल्लेखनीय भुमिका खेल्नुहुने संस्थाका संस्थापक अध्यक्ष, सल्लाहकार ज्यूहरु, पूर्व अध्यक्ष ज्यू । सञ्चालक समितिका पदाधिकारहीरु, लेखा समितीका संयोजक एवं सदस्य ज्यू , विभिन्न उप-समितिहरुका संयोजक एवं सदस्य ज्यूहरु ,इमान्दारीपुर्वक आफ्नो कार्यसम्पादनमा लागिरहनु भएका कर्मचारी वर्ग तथा हामीलाई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पुर्ण शेयर सदस्य महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।  सचिवको तर्फवाट प्रस्तुत गरेको प्रतिवेदनलाई अध्ययन तथा छलफल गरी आवश्यक  सुझाव एवं सल्लाह सहित पारित गरिदिनुहुन  विनम्र अनुरोध गर्दछु ।

जय सहकारी !!!   जय कल्पवृक्ष !!

सुर्य प्रसाद पोखेल
सचिव



## आर्थिक वर्ष २०७९/०८० को कोषाध्यक्ष टंकप्रसाद कढकालको वार्षिक प्रतिवेदन

यस १४औ वार्षिक साधारण सभाका सभाध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू , अतिथि ज्यूहरु , सञ्चालक समितिका सम्पूर्ण पदाधीकारी ज्यूहरु, सल्लाहकार ज्यूहरु ,लेखा समितिका संयोजकएवं सदस्यज्यूहरु,विभिन्न उप-समितिका संयोजकएवं सदस्यज्यूहरु, संस्थाको मेरुदण्डकोरुपमा रहनु भएका सम्पूर्ण शेयर धनीमहानुभावहरु साथै संस्थाका प्रवन्धक तथा सम्पूर्ण कर्मचारी वर्गहरुमा मेरो व्यक्तिगत तर्फबाट तथा संस्थाको कोषाध्यक्षको तर्फबाट न्यानो अभिवादन टक्रयाउन चाहन्छु। सानो पुँजीलाई एकिकृत गरी सहकारीद्धारा सहकार्य गर्दै आएको पनि १४ वसन्त पास गरिसकेछ। यस कल्पवृक्ष सहकारी संस्थाको उन्नति नै मेरो आर्थिक उन्नतिभन्दै आर्थिक एंव प्रशासनिक रुपमा अब्बल बनाउन सफल तथा प्रतिस्पर्धात्मक सहकारीको रुपमा स्थापित गराउन अहम् भुमिका खेल्नु हुने सम्पूर्ण शेयरधनी तथा पदाधिकारी ज्युहरुलाई विषेश धन्यवाद दिन चाहन्छु। रुस र यूक्रेनको युद्धले विश्व अर्थतन्त्रमा देखापरेको मुल्य बृद्धि र त्यसको प्रभावले नेपालको अर्थतन्त्रमा आएको तरलता अभावले नेपालको समग्र अर्गतन्त्रमा ह्रास आएको छ। व्यापार व्यवसाय तथा उद्योग धन्दामा लगाएत नेपालको अर्थतन्त्रमा आएको समस्याले सहकारी क्षेत्र समेत अक्षुतो रहन सकेन विगत एक बर्षमा नेपालका नाम चलेका ठुलो ठुलो कारोबार गर्ने सहकारी समेत समस्यामा परेको कुरा यहाँहरुलाई अवगत नै छ। यस्तो संकटको समयमा समेत हाम्रा सम्पुर्ण शेयर सदस्यको विश्वास, संस्था प्रतिको माया र धैयताको साथ साथै संचालक समिती र व्यवस्थापकको सुझबुझका साथ गदै आएको व्यवस्थापनले थोरै भए पनि शेयर सदस्यलाई लाभांश वितरण गर्न सकेका छौ भने संस्थालाई सवलताका साथ संचालन गरि तपाईहरुले संस्था प्रति गर्ने विश्वासलाई कायम राख्न सकेका छौ भन्ने लागेको छ। तपाइहरुले त्यसको मूल्यांकन गर्नु भएकै छ र भविश्यमा समेत थप विश्वासका साथ सर्मपुण शेयर सदस्यहरुले आफ्नो कारोबार यसै संस्थाबाट गर्नु हुनेछ भन्ने विश्वास लिएको छु।

**आदरणीय शेयर धनी महानुभावहरु**

संस्थाको आर्थिक विवरण चुस्त दुरुस्तले नै प्रस्तुत गर्नु पर्ने हुँदा आर्थिक विवरणहरु पारदर्शी एंव वैज्ञानिक ढङ्गबाट प्रस्तुत गर्ने प्रयास गरेको छु। सवै शेयर धनी महानुभावहरुको पुर्ण सहयोगको अपेक्षा राख्दै आ.ब. २०७९/०८०आय/ व्यायको विवरण तथा आ.ब. २०८०/०८१ को अनुमानित आम्दानी/खर्चको विवरण यस गरीमामय सभामा पेश गर्ने अनुमति चाहन्छु।

**आर्थिक समिक्षा**

१. शेयर पूँजी : यस संस्थाको शेयर पूँजी रु ३,१६,५८,९००/- रहेको जानकारी गराउन चाहन्छु।

२. निक्षेप संकलनः आ.ब २०७९/०८० को असार मसान्तसम्म फिर्ता गर्न बाँकी निक्षेप रु. १४,३६,४४,१४३।१७ रहेको जानकारी गराउदछु।

३. ऋण लगानीतथा असुली : यस आर्थिक बर्षको अन्तिम सम्ममा विभिन्न शिर्षकमा गरेको कर्जा लगानी रु. १३,९१,०५,६८८।५४ असुल हुन वाँकी रहेको छ।

४. आय विवरण :

क. आम्दानी

यस संस्थाको आ.व. ०७९/०८० मा ऋण लगानीबाट व्याज प्राप्त रु, २,०९,६०,७१८।५९ बैकबाट प्राप्त व्याज रु २३,७३,१३२।१७,र अन्य संचालन आम्दानीवाट रु ७,९०,६९९।९४ गरी जम्मा रु. २,४१,२४,५५०।७०भएको छ।

ख. सम्पती तर्फ :

स्थिर सम्पती : यस संस्थाको हाल सम्म रु ६,१४,६१२।७८ रहेको छ।

तरलता : आ.व. २०८०असार मसान्तर सम्मको रु ५,२९,७३,५६५।२६ रहेको छ जसमा

बैक मौज्जाद रु ५,२१,३९,२८८।२६ र नगद मौज्जाद रु ८,३४,२७६।९० -रहेको जानकारी गराउदछु।

५. कोषहरुको बाँडफाँड :

यस आ.व. २०७९/०८० मा निम्न अनुसारको कोषहरुमा देहायब बमोजिम बाँडफाँड गरिएको व्यहोरा अवगत गराउँदछु।

| | |
|---|---|
| क. जगेडा कोष | : रु. ८९,५८,९१७।३४ |
| ख. अन्यकोष | : रु. ५०,४६,८७३।४० |
| ग. जोखीमव्यवस्था कोष | : रु. ४४,९०,५५०।०० |
| घ. संरक्षीत पुंजी फिर्ता कोष | : रु. ७,९२,१५९।२२ |
| ङ.सहकारी प्रर्वद्धन कोष | : रु.६१,७७९।३४ |
| जम्मा | : रु.१,९३,५०,२७९।३० |

६. वाह्य संघ सस्थामा तथा बचत शेयरमा लगानी :

| | |
|---|---|
| राष्ट्रिय सहकारी बैंक | रु. १०,०००।०० |
| कास्की बचत तथा ऋण सहकारी सं लि | रु. ५,०००।०० |
| जिल्ला सहकारी संघ | रु. ५,०००।०० |
| प्रभु सलेक्ट (शेयर फन्ड) | रु. १०,००,०००।०० |
| नेपाल बचत तथा ऋण सहकारी संस्था संध लि. | रु. १,००,०००।०० |
| जम्मा | रु. ११,२०,०००।०० |

अध्यक्ष महोदय,

अब म आ.व. २०७९/०८० को वास्तविक आम्दानी /खर्च तथा आ.व. २०८०/०८१ को अनुमानित आम्दानी तथा खर्च विवरण पेश गर्ने अनुमति चाहन्छु।

**आम्दानी तर्फ**

| क्र.सं. | विवरण | गत वर्षको ०७८/०७९ | यस वर्षको ०७९/०८० | अनुमानित ०८०/०८१ |
|---|---|---|---|---|
| क | व्याज आम्दानी | २१,४२३,०१२.४२ | २३,३३३,८५०.७६ | २६,६००,०००.०० |
| १ | ऋणबाट प्राप्त व्याज | १८,७७९,२८७.७७ | २०,९६०,७१८.५९ | २४,३००,०००.०० |
| २ | बैंकबाट प्राप्त व्याज | २,६४३,७२४.६५ | २,३७३,१३२.१७ | २,३००,०००.०० |
| ख | अन्य सञ्चालन आम्दानी | ९८८,२९१.०२ | १,१८०,१७२.९४ | ८७७,५००.०० |
| १ | ऋण आवेदन माग  शुल्क | ५७,०००.०० | ३५,०००.०० | ५०,०००.०० |
| २ | बिलम्व शुल्क | ६२०,१७१.०० | ४९५,१६४.३० | ५००,०००.०० |
| ३ | खाता वन्द शुल्क | ५,०१४.३४ | ३,३२५.२४ | २,५००.०० |
| ४ | रेमिटेन्स कमिसन | ८३,७२२.५० | ४९,०३५.०० | ३०,०००.०० |
| ५ | सेवा शुल्क | | ४२,५५०.०० | १००,०००.०० |
| ६ | नेपाल लाइफ इन्स्योरेन्स | ३२,५१७.६५ | २८,२७४.०० | २५,०००.०० |
| ७ | कर्जा प्रोभिजनबाट | | ३८९,४७३.०० | |
| ८ | एस.एम. एस. शुल्क | | २८,९००.०० | ३०,०००.०० |
| ९ | लाभांश संरक्षित पुजी फिर्ता | | ३०,२८६.१९ | ४०,०००.०० |
| १० | अन्य शुल्क तथा आय | १८९,८६५.५३ | ७८,१६५.२१ | १००,०००.०० |
| | क+ख | २२,४११,३०३.४४ | २४,५१४,०२३.७० | २७,४७७,५००.०० |

**खर्च तर्फ**

| क्र.सं. | विवरण | गत वर्षको ०७८/०७९ | यस वर्षको ०७९/०८० | अनुमानित ०८०/०८१ |
|---|---|---|---|---|
| क | व्याज खर्च | १२,९२६,२७३.८६ | १४,७७४,१२७.६२ | १७,३५०,०००.०० |
| | व्याज खर्च | १२,९२६,२७३.८६ | १४,७७४,१२७.६२ | १७,३५०,०००.०० |
| ख | कर्मचारी खर्च | १,६४५,२५०.०१ | १,९२३,३०६.७१ | २,०२०,०००.०० |
| | तलव भत्ता खर्च | १,५७१,९५०.०१ | १,८६८,५५६.७१ | १,९५०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| | पोशाक खर्च | ७३,३००.०० | ५४,७५०.०० | ७०,०००.०० |
| ग | अन्य सञ्चालन खर्च | ३,०७६,१७६.०४ | ३,१४८,४५४.२२ | ४,०३९,५००.०० |
| १ | घर भाडा खर्च | ४,१३,३३३.२८ | ४,०८,८८८.८५ | ४,४५,०००.०० |
| २ | मसलन्द तथा छपाई खर्च | ५६,५४७.०० | २५,७७५.०० | ४०,०००.०० |
| ३ | टेलिफोन महशुल खर्च | ६१,०००.०० | १७,५००.०० | २०,०००.०० |
| ४ | साधारणसभा खर्च | २७९,५२०.०० | ३४४,९००.०० | ४००,०००.०० |
| ५ | बत्ति, पानी महशुल खर्च | ३१,७५०.०० | ३२,०५१.५० | ३५,०००.०० |
| ६ | एस.एम.एस. शुल्क | ४,०००.०० | १०,०००.०० | १२,०००.०० |
| ७ | पत्रपत्रिका खर्च | | ७,४००.०० | ७,५००.०० |
| ८ | वार्षिकोत्सव खर्च | | | ४०,०००.०० |
| ९ | शुभकामना तथा बधाई | १८,८००.०० | ७,४१०.०० | २५,०००.०० |
| १० | बैठक खर्च | ५५,६०५.०० | २८,३६६.०० | ४०,०००.०० |
| ११ | मर्मत तथा संभार खर्च | ३७,१५६.०० | ५५,३८९.०० | ६०,०००.०० |
| १२ | तालिम खर्च | | ५२,२५०.०० | १,००,०००.०० |
| १३ | लेखापरिक्षण शुल्क | ५०,०००.०० | ७५,०००.०० | ७५,०००.०० |
| १४ | इन्धन तथा यातायात खर्च | ७४,१००.०० | ६७,३००.०० | १,००,०००.०० |
| १५ | सहकारी अवलोकन भ्रमण खर्च | ४८५,३०५.०० | | ५,००,०००.०० |
| १६ | अतिथी सत्कार खर्च | | १८,७५०.०० | ३०,०००.०० |
| १७ | विमा प्रिमियम शुल्क | १,७१८.०० | ३६,८२४.०० | ४०,०००.०० |
| १८ | सफ्टवयर खर्च | १६,९५०.०० | १६,९५०.०० | २५,०००.०० |
| १९ | नविकरण खर्च | ३,७००.०० | २६,५७५.०० | ३०,०००.०० |
| २० | कानुनि खर्च | | २५,०००.०० | १,००,०००.०० |
| २१ | सामाजिक उत्तरदायित्व खर्च | | | ५०,०००.०० |
| २२ | बैंक सेवा शुल्क | २,५६०.०० | २,७६०.०० | ५,०००.०० |
| २३ | ह्रास कट्टी खर्च | १,५६,८०४.७६ | १,७२,९२५.८७ | २,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २४ | रक्तदान कार्यक्रममा खर्च | २७,०९०.०० | | ३०,०००.०० |
| २५ | बनभोज कार्यक्रम खर्च | | १,६९,८७८.०० | २,५०,०००.०० |
| २६ | सहकारी दिवस खर्च | | | २५,०००.०० |
| २७ | क्यालेण्डर प्रकाशन खर्च | २७,६८५.०० | ६७,८००.०० | ८०,०००.०० |
| २८ | विविध खर्च | ३७,९५१.०० | ५६,६२८.०० | १,००,०००.०० |
| २९ | औषधि तथा सञ्चालन खर्च सरसफाई | | २९,०६५.०० | २५,०००.०० |
| ३० | भत्ता | १,८०,०००.०० | १,३९,६००.०० | १,५०,०००.०० |
| ३१ | अन्य (जोखिम बहन कोष) | १०,५४,६०१.०० | १२,५३,४६८.०० | १,०००,०००.०० |
| | क+ख +ग | १,७६,४७,६९९.९१ | १,९८,४५,८८८.५८ | २१,३८९,५००.०० |
| | नाफा | ४७,६३,६०३.५३ | ४६,६८,१३५.१५ | ६०,८८,०००.०० |

**आर्थिक शारशं**

| क्र. सं. | शीर्षक | आ.व २०७८/२०७९ | आ.व २०७९/२०८० | अनुमानित आ.ब. आ.व २०८०/२०८१ |
|---|---|---|---|---|
| १ | कुल चुक्ता शेयर पुँजी | ३,१४,१०,३००.०० | ३,१६,५८,९००.०० | ३,३२,००,०००.०० |
| २ | कुल निक्षेप संकलन | ५,२८,८७,१७७.६५ | ७३,४२,०७,७७५.८६ | ८,२२,०८,२००.०० |
| ३ | कुल निक्षेप फिर्ता | ९१,४८,०९,३५७.७९ | ७४,८४,२०,१४५.९० | ६,४८,११,२७६.०७ |
| ४ | फिर्ता गर्न बाकी निक्षेप | १५,६८,१५,४४६.११ | १४,२६,०३,०७६.०७ | १६,००,००,०००.०० |
| ५ | कुल ऋण लगानी | १६,१८,१७,४९९.४० | ६,२२,४४,५५६.६७ | ७,४०,४५,५००.०० |
| ६ | कुल ऋण असुली | ९,८१,९०,१०४.९७ | ८,२४,८१,३९४.६२ | ४,८१,५१,१८८.५४ |
| ७ | लगानीमा रहेको रकम | ५,९३,४२,५२६.४९ | १३,९१,०५,६८८.५४ | १६,५०,००,०००.०० |

आ. वा. २०७९/०८० मा अनुमानित भन्दा बढी रकम खर्च हुन गएको रकम अनुमोदको लागि यस सभामा प्रस्तुत गर्दछु ।

| शीर्षक | अनुमानित | वास्तविक खर्च | अनूमोदन गर्नु पर्ने |
|---|---|---|---|
| पत्रपत्रिका | | ७,४००. | ७,४००.०० |
| विमा शुल्क | २५,०००.०० | ३६,८२४. | ११,८२४.०० |
| नविकरण | ३,७००.०० | २६,५७५. | २२,८७५.०० |

| | | | |
|---|---|---|---|
| कानुनी खर्च | | २५,०००.०० | २५,०००.०० |
| बनभोज कार्यक्रम खर्च | १,५०,०००.०० | १,६९,८७५.०० | १९,८७५.०० |
| क्यालेण्डर प्रकाशन | ३५,०००.०० | ६७,८००.०० | ३२,८००.०० |
| औषधी तथा सरसफाई | २०,०००.०० | २९,०६५.०० | ९,०६५.०० |
| जोखिम बहन कोष | ९,८०,०००.०० | १२,५३,४६८.०० | २,७३,४६८.०० |
| विविध | ५०,०००.०० | ५६,८२८.०० | ६,८२८.०० |

अन्त्यमा, सहकारी भनेकै सहकार्य हो सानो पुँजी, समान हैसियत, सामुहिक आर्थिक उन्नतिको भावना भएका तपाई हामी शेयर धनी सदस्यहरुबाट नै यस कल्पबृक्ष बचत तथा ऋण सहकारी संस्था लि को स्थापना भएको हुँदा आउदा वर्षहरुमा समेत तपाई हामी सर्म्पुण शेयर सदस्यहरुले सकृय सहभागिता जनाउदै संस्थाको हितमा नयाँ कार्य योजना सहित लाग्नु पर्ने बेला आएको छ । यस संस्थामा भएका आर्थिक पारदर्शिता, आर्थिक शुसासन, संस्थाको समग्र सेवाहरुको मूल्याङ्कन गर्दै संस्थाको आम्दानीको मेरुदण्डको रुपमा रहेको ऋण लगानीको क्षेत्र पहिचाहन गरी व्यवस्थित गर्दै निक्षेप संकलन गरिने छ भने हाल कर्जा अशुलीमा केहि समस्या देखिएको हुदाँ कर्जा अशुलीमा विषेश ध्यान दिई संस्थाको आर्थिक कारोबार बृद्धिमा विशेष ध्यान दिने छौ । आगामी आर्थिक बर्ष समेत तपाईहरुको विश्वासलाई कायम राख्दै कारोबारलाई थप बढाउदै लगिने छ । आशा छ तपाईहरुको साथ र सहयोग रहने छ । अन्त्यमा, मलाई कोषध्यक्षको भुमिका निर्वाह गर्न सहयोग गर्नु हुने यस संस्थाका सम्पुर्ण शेयर सदस्यहरुमा हार्दिक आभार व्यक्त गर्दछु साथै संस्थाको उन्नति र प्रगतिको लागि लागि रहने प्रतिबद्धता व्यक्त गर्दै मैले कोषाध्यक्ष तर्फ बाट तयार पारेको आर्थिक बर्ष २०७९/०८० को वास्तविक आर्थिक विवरण र आर्थिक बर्ष २०८०/०८१ को बार्षिक अनुमानित आय व्याय उपर छलफल गरी आवश्यक सल्लाह सुझाव सहित पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी , जय कल्पवृक्ष

कोषाध्यक्ष
टंक प्रसाद ढकाल



# लेखासमिति संयोजक दीपेन्द्र पोखेलद्वारा प्रस्तुत २०७९/०८० को वार्षिक प्रतिवेदन

यस गरिमामय साधारण सभाका अध्यक्ष ज्यू, प्रमुख अतिथी ज्यू, विशिष्ठ अतिथी ज्यूहरु, अतिथी ज्यूहरु, संचालक समितिका सम्पूर्ण पदाधिकारी ज्यूहरु, संस्थाका सल्लाहकार ज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्य ज्यूहरु, उपस्थित शेयरधनी महानुभावहरु, संस्थाका कर्मचारहीरु, पत्रकार ज्यू लगायत सम्पूर्णमा लेखा समितिका तर्फबाट हार्दिक नमस्कार एवं स्वागत गर्न चाहान्छौं । आज यस सम्मानित सभामा लेखा तथा सुपरिवेक्षक समितिको तर्फबाट आर्थिक वर्ष ०७९/०८० मा संस्थाको लेखा चुस्त दुरुस्त राख्नको लागि विभिन्न समयमा बैठक, अनुगमन तथा आन्तरिक लेखापरिक्षणमा भएका कार्यहरुको संक्षिप्त प्रतिवेदन यस सभामा पेश गर्न चाहन्छु ।

१. संस्थाको अघिल्लो १३ औं वार्षिक साधारण सभा बाट भएका निर्णयहरु कार्यान्वयन प्राथमिकताको आधारमा भएको पाइयो ।

२. आ.व. ०७९/०८० मा सञ्चालक समितिका बैठक तथा निर्णयहरु :

| क्र.सं. | समिति/उप-समिति | बैठक संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | २३ |
| २ | लेखा सु-परिवेक्षण समिति | ४ |
| ३ | ऋण उपसमिति | १४ |
| ४ | शिक्षा उपसमिति | २ |
| ५ | सहकारी अनुसन्धान मूल्याङ्कन निरिक्षण तथा परामर्श उप-समिति | १ |

३. ऋण लगानी प्रक्रिया सहकारी नियम अनुसार सतर्कताका साथ लगानी गरेको पाइयो ।

४. संस्थागत शेयर पूँजी २०७९ अषाढ मसान्तमा ३ करोड १४ लाख १० हजार ३०० भएकोमा २०८० अषाढ मसान्तमा ३ करोड १६ लाख ५८ हजार ९०० रहेको जसमा थप शेयर पूँजी २ लाख ४८ हजार ६ सय रुपैया बृद्धि भएको पाइयो ।

५. यस आ.व. मा पोखरा महानगरपालिका सहकारी महाशाखा बाट अनुगमन भई अनुगमनका क्रममा प्राप्त सुझाव सहित संस्थाको वित्तिय अवस्था राम्रो भएको र प्राप्त सुझाव कार्यान्वयनमा रहेको पाइयो ।

६. संचालक समिति एवं अन्य समितिले निम्न बमोजिम बैठक भत्ता लिएको पाइयो । अध्यक्षले रु.१५०० र अन्य पदाधिकारी एवं सदस्य ज्यूहरुले रु.१००० लिएको र त्यसमा नियम अनुसार कर कट्टी गरेको पाइयो ।

७. संस्थामा कर्मचारी संख्या ६ जना रहेको पाइयो ।

८. कर्मचारी भर्ना प्रक्रिया पारदर्शी भएको र कार्यरत कर्मचारी बिच राम्रो तादम्यता रहेको पाइयो ।

९. नेपाल लेखामान सिद्धान्त अनुसार संस्थाको लेखा प्रणाली कम्प्यूटराईज तथा ४ खाता अत्यावधिक रहेको पाइयो ।

१०. संस्थाले तिर्नुपर्ने कर समयमा नै दाखिला गरको पाइयो ।

११. भल्ट र सेफको विभिन्न समयमा भौतिक परिक्षण गर्दा सही तरिकाले राखेको पाईयो ।

१२. लेखा तथा सुपरिवेक्षण समितिका सुझावहरु

क) सम्पूर्ण शेयर सदस्यले आफ्नो सम्पूर्ण कारोवार सही संस्थामा गर्न प्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

ख) अधिक शेयर सदस्यको कारोवार समेटनको लागि थप बजार विस्तारको लागि पहल गर्ने ।

ग) कर्जा लगानी अगाडी कर्जा जोखीमको अवस्था अध्यन गरी लगानी गर्ने ।

घ) कर्जा लगानी एवं कर्जा असुली प्रक्रियालाइृ समय सापेक्ष व्यवस्थित गर्ने र कर्जा असुलीमा थप जोड दिने ।

ङ) कार्यालयमा दैनिक कार्यलाई चुस्त दुरुस्त र राम्रो राख्नलाई भौतिक संरचनामा सुधार गर्नुपर्ने ।

च) संस्थामा रहेका सवारी साधनहरुलाई प्रभावकारी तथा पारदर्शी रुपमा सञ्चालन तथा प्रयोगको लागि लग बुक को व्यवस्थाको लागि पहल गर्ने ।

छ) शेयर कल्याणकारी कोषको स्थापना गरी शेयर सदस्यहरुको हितका लागि कृषि, शिक्षा, व्यवसाय आदिमा लगानी गरी न्यून ब्याजदरमा लगानीको लागि पहल गर्ने ।

अन्त्यमा सम्पूर्ण शेयर सदस्यको सहभागीता सहकार्यबाट संस्था यो अवस्थामा रहेकोले आगामी दिनमा यहाँहरुको सल्लाह र सुझाव रहनेछ भन्ने कुरामा लेखा समिति पूर्ण विस्वस्त छौं । हाम्रो कार्यमा सहयोग गर्नुपर्ने सम्पूर्ण पदाधिकारी ज्यू सदस्य तथा अन्य उप-समिति लगायत सबै कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दै आउदै गरेको २०८० सालको वडा दशैं, तिहार, छठ र नेपाल सम्वत लगायत सम्पूर्ण महान पर्वको शुभकामना व्यक्त गर्दै यहाँहरुको रचनात्मक सुझाव सहित अनुमोदनका लागि निवेदन गर्दछौं ।

धन्यवाद ॥

जय सहकारी जय कल्पवृक्ष

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| **ध्रुबराज पौडेल** | **रविन्द्र शर्मा वस्ताकोटी** | **दिपेन्द्र पोखरेल** |
| **सदस्य लेखा समिति** | **सदस्य लेखा समिति** | **संयोजक लेखा समिति** |